# सहयात्रा

सामाजिक न्यायका लागि अन्तर्राष्ट्रिय सञ्जाल

INTERNATIONAL ALLIANCE FOR SOCIAL JUSTICE SAHAYATRA JOURNEY TOGETHER

## सहयात्रा ई-बुलेटिन

प्रथम अंक १, वर्ष २०२४


## समाचार शीर्षक


- **New Democratic Party, Canada** बाट अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको सन्दर्भमा ऐक्यबद्धता तथा शुभकामना सन्देश ।
- ओन्टारियो मानव अधिकार आयोगद्वारा प्रान्तमा जातीय विभेद रहेको स्वीकार ।
- क्यानडामा छुवाछूत, विभेदसम्बन्धी ओ.एच.आर.सी.को संहिता ।
- क्यानडाको ब्रिटिस कोलम्बिया प्रान्तमा अप्रिल महिनालाई 'दलित इतिहास महिना'को मान्यता ।
- पोप फ्रान्सिसले क्यानडाका आदिवासी जनजातिउपर भएको गम्भीर र दीर्घकालीन क्षतिका लागि माफी मागे ।
- एनआरएनले समावेश गऱ्यो समावेशीकरणको मुद्दा ।
- नेपालको दलित आन्दोलनलाई अन्तर्राष्ट्रिय सहयोग र ऐक्यबद्धता कार्यक्रम सम्पन्न ।
- तराई दलित समुदायलाई राहत सहयोग वितरण ।
- धर्म, संस्कार र छुवाछूत विषयक भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
- ५६औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको सन्दर्भमा भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
- सहयात्रा अन्तर्राष्ट्रिय सामाजिक न्याय सम्मान २०२२ प्रदान ।
- भेटघाट कार्यक्रम ।
- नेपालमा विद्यमान जातीय विभेद तथा छुवाछूतको अन्त्य गर्नका लागि क्यानेडियन गैरआवासीय ।
- नेपालीको भूमिका विषयक भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
- सहयात्रा क्यानडाद्वारा जीविकोपार्जनका लागि सहयोग ।
- न्यानो कपडा वितरणमा सहयोग ।
- क्यानडामा सहयात्रा साँझ भव्यताका साथ सम्पन्न ।
- नेपालदेखि क्यानडासम्म जातीय विभेद ।
- २०२१ जुन २९, रुपा सुनारमाथि भएको जातीय विभेदको घटनासम्बन्धी ध्यानाकर्षणपत्र ।
- **SAHAYATRA HEARTY APPEAL,** २०२१ जुन १५ ।
- क्यानडामा छुवाछूत, दलित भन्ने थाहा पाएपछि पण्डितले न्वारान गर्न मानेनन् ।


# सहयात्रा

### पृष्ठभूमी

सन् २०१९ को अन्त्यतिर २०२० को आरम्भमा सम्पूर्ण विश्वलाई कोरोना महामारीले सामाजिक, आर्थिक रूपमा आतंकित बनाएको थियो। कोरोना महामारी द्रुत गतिमा बढ्दै जाँदा विश्वभरि धेरै मानिसले ज्यान गुमाउनुपऱ्यो । यस महामारीबाट प्रायः सबै मुलुकका नागरिकले उन्मुक्ति पाउनका लागि संघर्ष गरिरहँदा क्यानडामा बस्ने क्यानेडियन नेपाली समुदाय पनि यसबाट अछूतो रहेन।

कोरोना महामारीको सुरुवातीसँगै नेपालमा जातीय विभेदका बीभत्सपूर्ण घटना घटेका थिए । महामारीका कारण लामो अवधिका लागि लकडाउन हुँदा तराईका केही जिल्लामा भोकमरीका कारणले दलित, गरिब तथा निमुखा जनताको मृत्यु भयो। मृत्यु हुनेमा प्रायः दलित समुदायका मानिस थिए। यसै समयमा नेपालभरि दलित समुदायमाथि शृंखलाबद्ध रूपमा जातीय विभेदका घटना घट्दै गए। पश्चिम रुकुम जिल्लामा अन्तरजातीय प्रेमका कारणले चार जना दलित युवकसहित छ जना युवाको नरसंहार गरियो । नवराज विकले मल्ल थरकी युवतीसँग प्रेम गरेका कारण उनीलगायत सन्दीप विक, लोकेन्द्र सुनार, टिकराम सुनार, गणेश बुढा र गोविन्द शाहीले ज्यान गुमाउनुपऱ्यो । यसका साथै लक्ष्मी परियारलाई दलित भएका आधारमा पछाडिबाट दाउराको चिर्पटले हानेर मारियो भने अन्तरजातीय प्रेम गरेका आधारमा अजित मिजारलाई नेपाल प्रहरीले पक्राउ गरेपछि पनि कुटेर माऱ्यो। मिजारको मृत शरीर अहिलेसम्म पनि अस्पतालमै रहेको छ। दलित समुदायमाथि हुने गरेका यस्ता अमानवीय तथा बीभत्स घटनाले सामाजिक न्यायको क्षेत्रमा काम गर्ने सम्पूर्ण न्याय प्रेमि समुदायलाई गहिरो चोट पुऱ्याएयो।

विगतदेखि वर्तमानसम्म घटिरहेका जातीय विभेदका घटनाले क्यानडामा बसोबास गर्ने सामाजिक अभियन्ता तथा न्यायप्रेमी नेपालीलाई नेपालमा विद्यमान जातीय भेदभाव छुवाछुन, असमानता, गरिबी, तथा कुसंस्कार विरुद्धको सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक र राजनीतिक न्यायको अभियानमा आंशिक रूपमै भए पनि सहयोग पुऱ्याउन तथा कोराना महामारीविरुद्ध लड्नका लागि एकजुट हुने वातावरण सिर्जना गर्नु पर्ने आवश्यकता महसुस गरी क्यानडामा रहनु भएका अधिकारकर्मी सन्तोष बिश्वकर्माको अग्रसतामा यस्ता घटनामा विशेष गरी विदेशमा रहेका आप्रवासी नेपाली तथा गैर नेपालीलाई गोलबद्ध गरी पीडित दलित समुदायसँगको सहकार्य र सहयोगमा अन्तर्राष्ट्रिय तहबाट सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिक र राजनीतिक न्यायको सवालमा टेवा पुऱ्याउन वाञ्छनीय ठानि क्यानडामा रहेको माउन्ट एभरेष्ट टेलिभिजनको जुम मार्फत सहयात्रा सम्बादको थालनी गरी यसलाई संस्थागतरुप दिई क्यानडामा रहनु भएका समाजिक न्यायको तथा अधिकारको क्षेत्रमा क्रियाशिल अधिकारकर्मीहरु पहलमा नेपाली समाजमा विद्यमान रहेको जातीय विभेद तथा छुवाछूत जस्तो विकृतिलाई अन्त्य गरी विभेद रहित समाजको निर्माणमा परदेशबाट महत्वपूर्ण योगदान पुऱ्याउने मूल उद्देश्य लिई सन् २०२१ मा सहयात्रा (**Sahayatra- International Alliance for Social Justice**) संस्थाको स्थापना गरिएको हो।

यसले विश्वभरि विभेदमा परेका जात, वर्ग, लिंग, रङ र वंशजका आधारमा अमानवीय व्यवहार तथा भेदभावको सामना गरिरहेका समुदायको हकहित, अधिकार संरक्षणका लागि महत्वपूर्ण योगदान गर्नेछ।

# New Democratic Party, Canada बाट अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको सन्दर्भमा ऐक्यबद्धता तथा शुभकामना सन्देश।

सहयात्रा क्यानडाले आयोजना गरेको ५६औँ र ५७औँ अन्तर्राष्ट्रिय जातीय एवं रंगभेद विरुद्धको दिवस (International Day for the Elimination of Racial Discrimination) २१ मार्चको अवसरमा New Democratic Party, Canada का प्रमुख तथा माननीय सांसद जगमित सिंहले शुभकामना दिनुका साथै नेपाल लगायत दक्षिण एसियामा रहेको जातीय विभेद विरुद्धको सवालमा आफू र आफ्नो दलको ऐक्यबद्धता रहेको एक भिडियो सन्देश र तथा लिखित सन्देश दिनुभएको थियो। सहयात्राले क्यानडाबाट राजनीतिक रूपमा जातीय विभेद विरुद्धको सवाल उठान गरिएकोमा माननीय सांसद सिंह तथा उहाँको राजनीतिक दललाई धन्यवाद व्यक्त गर्नुभएको थियो।



JagmeetSingh
NDP NPD

Canada's New Democrats
Nouveau Parti Démocratique du Canada

Jagmeet.Singh@ndp.ca

Dear Friends,

I am pleased to join you in marking the 57th International Day for the Elimination of Racial Discrimination. On this day, we remember the 69 peaceful protesters who were killed on March 21,1960 because they spoke out against South Africa's repressive apartheid regime.

I wanted to thank Sahayatra for organizing this online dialogue to commemorate the March 21st tragedy and for their leadership in raising awareness about the practices of descent-based racial and caste discrimination world-wide. Know that you can continue to count on my support for your call to action to end the caste system of discrimination against the Dalit population of Nepal. It is through committed organizations like yours that all people can work towards progress.

Every day, too many of our neighbours and community members – people of colour, Indigenous peoples, refugees, and immigrants – are harmed, harassed, and denied their rights and access to services just for the way they look or where they are from.

Regrettably, recent anti-immigrant and anti-refugee sentiments are fueling the sparks of intolerance. Harmful political rhetoric is justifying violent acts against racialized people in Canada and around the world.

This isn't right, and we cannot stand by as it happens. We all have an obligation to stand up and speak out with conviction to counter racism, hatred, and intolerance. But as important as they are, our individual efforts to stamp out racism and hate are not enough.

To truly eliminate racial discrimination, we must come together as a society to address the discrimination that has been built into our systems. In this spirit, let us commit to redoubling our efforts to create inclusive workplaces, communities, policies, and laws.

. . . /2

NDP.ca / NPD.ca

JagmeetSingh
NDP NPD

-2-

New Democrats are unwavering in our determination to push for these changes and so much more. Together, we can make a difference and build a better Canada for all of us.

On International Day for the Elimination of Racial Discrimination, it is my hope that Canadians will be encouraged to join the international effort for justice, fairness, and equality; and help eliminate racism and intolerance.

I wish you all the best with your continuing efforts to uphold human rights and defend the victims of racial and caste discrimination.

Warmest regards,

Jagmeet Singh, MP (Burnaby South)
Leader, Canada's New Democrats



सहयात्रा
सामाजिक न्यायका लागि
अन्तर्राष्ट्रिय सञ्जाल
सहयात्रा ई-बुलेटिन
प्रथम अंक १
वर्ष २०२४

## • ओन्टारियो मानव अधिकार आयोग द्वारा प्रान्तमा जातीय विभेद रहेको स्वीकार

ओन्टारियो मानव अधिकार आयोग (ओएचआरसी) ले गत साता पहिलो पटक जातीय भेदभाव रहेको स्वीकार गर्दै यस विषयलाई सम्बोधन गर्नु आवश्यक रहेको जनाएको छ। ओएचआरसीको यस कार्यलाई धेरै अभियन्ताले स्वागत गर्दै यसले प्रादेशिक र संघीय दुवै तहका सरकारमा जातीय विभेद अन्त्यका लागि थप प्रक्रियाहरू अगाडि बढ्ने कुरामा पूर्ण आशा गरेका छन्।

ओएचआरसीले यस मुद्दालाई प्रान्तको मानव अधिकार संहिता अन्तर्गत कसरी समावेश गर्ने भनेर नीतिगत वक्तव्य पनि जारी गरेको छ। संस्थाले यो संहिता लागू हुने संस्थाहरू जस्तै रोजगारदाता, आवास प्रदायक, युनियनहरू, व्यापार वा व्यावसायिक संगठनहरूले जातीय भेदभावका कुनै पनि घटना भए त्यसबारे अनुसन्धान गर्नुपर्ने र त्यस्ता घटनाको समाधान गर्नुपर्ने कर्तव्य रहेको भनेर सूचित गरेको छ।

## • क्यानडामा छुवाछूत, विभेद सम्बधी ओएचआरसीको संहिता

ओएचआरसीको सूचीमा भएका संघसंस्थाले जातीय भेदभावका घटना सम्बन्धी दाबीहरूका विषयमा जवाफ र अनुसन्धान गर्नुपर्ने उल्लेख गर्दै भेदभाव गरिएको फेला परेको अवस्थामा समाधान पनि दिनुपर्ने कुरा संस्थाको संहितामा भनिएको छ। साथै, ओएचआरसीको नीतिमा ती संस्थाहरूले मानव अधिकार उलंघन सम्बन्धमा उजुरी दिने व्यवस्था गर्नु पर्ने, कर्पोरेट मानव अधिकार नीतिमा जातीय भेदभावलाई पनि समेट्नु पर्ने भनिएको छ। ओएचआरसीले ओन्टारियोको मानव अधिकार संहिताले पाँच क्षेत्रहरू जस्तै रोजगार, आवास, सेवा, युनियन र सम्झौताका क्षेत्रहरू मानिसको जातका आधारमा विभेदपूर्ण व्यवहार गर्नबाट रोक्न चाहेको उल्लेख गरेको छ।

विभेदमा पर्ने व्यक्ति तथा समुदायले जातीय भेदभावका घटनालाई चुनौती दिन ओएचआरसीले निर्धारण गरेको मानव अधिकार सम्बन्धी संहिताको प्रयोग गर्न सक्ने जनाएको छ। साथै जातीय विभेदबाट पीडित भएमा त्यो दण्डनीय अपराध हुने पनि बताएको छ।

मानव अधिकार संहितामा मानिसलाई भेदभाव गर्न नपाइने विभिन्न १७ आधार तोकिएको छ। जस्तैः जाति, लिंग, उमेर र तिनीहरू आएको स्थान आदि। ओएचआरसीले जातिलाई भेदभावका १७ आधार मध्ये मानेको छैन तर त्यो अन्य विषयको अंश भनेर मानेको जनाएको छ।

ओन्टारियोको मानव अधिकार न्यायाधिकरण र अदालतहरूले संहितालाई व्यापक र आधुनिक तरिकाले बुझ्नु पर्दछ, ओएचआरसीले भनेको छ। तर, संहिताको दायरा असीमित भने छैन, यसले उल्लेख गरिएका पाँच वटा क्षेत्रमा मात्र काम गर्छ।

## • क्यानडाको ब्रिटिस कोलम्बिया प्रान्तमा अप्रिल महिनालाई 'दलित इतिहास महिना'को मान्यता

क्यानडाको ब्रिटिस कोलम्बिया प्रान्तमा अप्रिल महिनालाई 'दलित इतिहास महिना' का रूपमा मान्यता दिइएको छ। हाल यस प्रान्तमा प्रान्तीय सरकार न्यु डेमोक्रेटिक पार्टी (एनडीपी) को रहेको छ। यहाँको प्रान्तीय सरकारले अप्रिल महिनालाई दलित माहिनाको मान्यता दिनुलाई ऐतिहासिक मानिएको छ।

उक्त प्रान्तमा अब हरेक वर्षको अप्रिल महिनालाई 'दलित इतिहास महिना' रूपमा मनाइने छ। ब्रिटिस कोलम्बिया सरकारले अप्रिल महिनामा विशेष रूपमा विश्वभरिका भेदभाव, नस्लवाद, रंगभेद विरुद्ध संघर्ष गरेका अभियन्ता तथा अगुवाको स्मरण गर्दै विभिन्न कार्यक्रम गरिने जनाएको छ। त्यस अवसरमा न्याय र समाजिक समानताका लागि लडेका विश्व भरिका दलित नेताहरूको योगदानको स्मरण गरिने जनाइएको छ। सरकारले अप्रिल महिना दलित समुदायका लागि महत्वपूर्ण महिना भएको उल्लेख गरेको छ।

यही महिना डा. भीम राव अम्बेडकर, ज्योति राव फुले, मंगुराम मुगोवालिया र सन्तराम उदासी जस्ता युगपुरुष जातिका आधारमा हुने प्रणालीगत भेदभाव विरुद्ध लडेका अगुवाहरू मध्ये कतिपयको जन्म दिवस अनि केहीको पुण्यतिथि पर्ने

भएकाले पनि महत्वपूर्ण मानिएको छ।

यसै गरी ब्रिटिस कोलम्बिया सरकारले अप्रिल १४ लाई 'डा. भीम राव अम्बेडकर इक्वालिटी डे'का रूपमा मनाउने निर्णय पनि गरेको छ। दलितहरूका मसिहा मानिने बाबा साहेब अम्बेडकरको जन्म दिवस अप्रिल महिनामा पर्ने भएकाले पनि यस महिनालाई दलित समुदायका लागि महत्वपूर्ण महिनाका रूपमा मानिन्छ। उनलाई संसारभरि श्रद्धापूर्वक मान्ने अनुयायी धेरै छन्।

उनी भारतको पहिलो संविधान निर्माता मध्येका एक व्यक्ति हुन्। दलितहरूको अधिकारका लागि अग्रणी भूमिका निर्वाह गरेका अम्बेडकरलाई दलितहरूको महत्वपूर्ण प्रतीकका रूपमा पनि मानिन्छ।

## • पोप फ्रान्सिसले क्यानडाका आदिवासी जनजाति उपर भएको गम्भीर र दीर्घकालीन क्षतिका लागि माफी मागे

अप्रिल १, २०२२

भ्याटिकन पोप फ्रान्सिसले आदिवासी बुजुर्ग, ज्ञान रक्षक, युवा र नेतासँग प्रत्यक्ष प्रसारणबाट बोल्दै क्यानडाको चर्च र राज्यद्वारा प्रायोजित आवासीय विद्यालय प्रणालीबाट भएको गम्भीर र दिगो क्षतिका लागि क्यानडाका आदिवासी जनजातिसँग माफी मागेका छन्। क्यानडामा अन्तिम आवासीय विद्यालय बन्द भएको २५ वर्षपछि पोपले लामो समयदेखि थाती रहेको विषयमा माफी मागेका छन्।

पोपले क्यानडाबाट भ्याटिकन, रोम आएको आदिवासी जनजातिहरूको एक हप्ता लामो ऐतिहासिक प्रतिनिधि मण्डलबाट सुनेका दुर्व्यवहार, कठिनाइ र भेदभावका कथाहरूबाट आफूलाई गहिरो दुःख लागेको बताए। उहाँले भन्नुभयो, 'माथिका घटनाले मलाई दुई वटा कुरालाई बलियो रूपमा महसुस गराएको छ आक्रोशित पार्ने अन्याय र लाज। क्यानडाको ग्लोबल न्युजले भ्याटिकनमा खचाखच भरिएको कोठाअगाडि व्यक्त गरेको पोपको वाचन उद्धृत गर्दै भन्छ, 'आक्रोशित पार्ने अन्याय किनभने यो खराब कुरा (Evil) लाई स्वीकार गर्न र अझै खराब कुरामा अभ्यस्त बनाउनका लागि यो ऐतिहासिक प्रक्रियाको एक अपरिहार्य भाग हो भनेर मान्नु सही होइन।'

दक्षिण एसियाली देशहरू, विशेष गरी भारत र नेपालमा हुने विभिन्न प्रकारका जातीय भेदभाव र उत्पीडनका कारण शताब्दीयौँ देखि पीडित समुदायका जनताका लागि पोपबाट लामो समय देखि आदिवासी जनजाति सँग माफी माग्नु र थाती रहेको विषयमा उनीहरूका क्यानडाका आदिवासी जनजाति प्रतिको ऐक्यबद्धताका लागि निकै सार्थक छ। साथै तिनीहरूले आफ्नै लागि पनि यो विषयलाई समानान्तर रूपमा महसुस गर्न सक्छन् कि दलितहरूले हिन्दु जाति व्यवस्थाका आधारमा शताब्दीयौँ देखि मानवको मर्यादा भन्दा तलको व्यवहारका रूपमा भोग्नु परेको भेदभावका लागि भारतका चार हिन्दु शंकराचार्यहरूले उनीहरू सँग माफी माग्ने समय आएको छ।



## • एनआरएनले समावेश गऱ्यो समावेशीकरणको मुद्दा

NRNA नर्थ अमेरिका क्षेत्रीय सम्मेलन नेपालमा ग्रिन हाइड्रोजन परियोजना, नेपालमा रहेका विविधता, समानता र समावेशिता सम्बन्धी कार्य गर्ने नीति लगायतका सातबुँदे घोषणापत्र जारी गर्दै भव्य रूपमा सम्पन्न भएको छ।

'नेपालको आर्थिक विकास र समाजिक समृद्धिमा गैरआवासीयहरूको भूमिका' मूल नारा सहित गैरआवासीय नेपाली संघको इतिहासमा पहिलो पटक क्यानडामा मे २७ र २८, २०२३ मा क्यानडाको टोरन्टो सहरमा, गैरआवासीय नेपाली संघ (एनआरएनए) को नर्थ अमेरिका क्षेत्रीय सम्मेलन नेपालमा ग्रिन हाइड्रोजन परियोजना, नेपालमा रहेका विविधता, समानता र समावेशिता सम्बन्धी कार्य गर्ने नीति लगायतका सातबुँदे घोषणापत्र जारी गर्दै भव्य रूपमा सम्पन्न भएको थियो।

कार्यक्रमको उद्घाटन समारोहका प्रमुख अतिथि संघका पूर्व अध्यक्ष डा. शेष घले ज्यू साथै विशेष अतिथि, गैरआवासीय नेपाली संघका अध्यक्ष विनोद कुँवर, क्यानडाकी माननीय सांसद सोनिया सिद्धु, अतिथिहरू पूर्वउपाध्यक्ष सोनाम लामा, सल्लाहकार तथा नेपाल सरकारका महावाणिज्यदूत एसी शेर्पा, सल्लाहकार पासाङ लामा लगायत कार्यक्रममा पाल्नु हुने आईसीसी पदाधिकारी, सदस्य, सल्लाहकार सबैमा धन्यवाद ज्ञापन सहित आभार प्रकट गर्छौं। साथै हाम्रो अभिभावक, एनआरएनएको स्थापना काल देखि गैरआवासीय नेपालीको हकहितमा कार्य गर्दै आउनु भएका आदरणीय प्रतिष्ठित व्यक्तित्व महावाणिज्यदूत डा. कुन्जर शर्मा र वैज्ञानिक एनआरएनए क्यानडाका संस्थापक, खुला विश्वविद्यालयका प्रवर्तक डा. द्रोण रसाइली ज्यूलाई सम्मान गर्न पाउदा गौरव महसुस गरेका छौं।




NRNA Americas Regional Conference(Photo by Moktan Photography)-May 27and 28,2023

गैरआवासीय नेपाली संघको नर्थ अमेरिका क्षेत्रीय सम्मेलन सफलता पूर्वक सम्पन्न गर्न आर्थिक, प्राविधिक, भौतिक, मिडिया, स्वयंसेवक लगायत सम्पूर्ण कार्यमा सहयोग गर्नुहुने सबैमा ग्लोबल एनआरएनए क्यानडा हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछ।

# यस सम्मेलनले विभिन्न विषयमा छलफल र अन्तर्क्रियाबाट प्राप्त निचोड निम्नानुसारको सातबुँदे टोरन्टो घोषणा जारी गरिएको छ।


NRNA Americas Regional Conference(Photo by Moktan Photography)-May 27and 28,2023

१. गैरआवासीय नेपाली नागरिकताको ऐन नेपालको संविधानसँग मेल खाने गरी नेपालको संसद्ले ऐन बनाएर हाम्रो संवैधानिक अधिकार छिटो भन्दा छिटो सुनिश्चित गर्नका लागि हाम्रो पहल निरन्तर रहने छ। त्यसै गरी हाम्रो वंशजको नेपाली नागरिकतालाई निरन्तरताका लागि संघका पूर्वउपाध्यक्ष सोनाम लामाको नेतृत्वमा निरन्तर लबी गरिएको छ भने त्यसलाई अझै सशक्त रूपमा लगिने निर्णय गरिएको छ।

२. नेपाल विश्वको सबैभन्दा प्रचुर ग्रिन हाइड्रोजन उत्पादन सम्भावना भएको देश रहेको अध्ययन प्रतिवेदन, यस सँग सम्बन्धित सम्पूर्ण प्रयास बारे संघका पूर्वअध्यक्ष डा. शेष घलेज्यूले प्रतिवेदन प्रस्तुत गर्नुभयो। ग्रिन हाइड्रोजन परियोजनाले नेपालको सामाजिक, वातावरणीय र आर्थिक विकासमा टेवा पुऱ्याउने हुँदा सो विषयलाइ अझ बृहत् रूपमा छलफलमा लैजाने निर्णय गरियो।

३. गैरआवासीय नेपालीहरूले मातृभूमि नेपालमा गरिएको लगानीको सुनिश्चिता र पैत्रिक सम्पत्ति सुरक्षा सम्बन्धी छलफल गरियो। त्यसलाई नेपालमा लगानी सम्बन्धी अद्यावधिक कानून र आवश्यक पर्ने थप नियम, कानूनको परिमार्जन र तय गर्नका लागि लबीगर्ने निर्णय गरियो।

४. नेपालमा रहेका विविधता, समानता र समावेशिता (Diversity, Equity and Inclusion) सम्बन्धी उचित अध्ययन र समाधान गर्न नेपाल सरकार सँग माग गर्छ। साथै त्यसलाई थप नीति तय गर्नका लागि गैरआवासीय नेपाली संघले एक कार्यदल गठन गर्ने निर्णय गरियो।

५. गैरआवासीय नेपाली संघको मूल मर्मलाई मध्यनजर गर्दै गैरआवासीय नेपाली संघले नेपालको आर्थिक र सामाजिक समृद्धिका लागि योगदान दिन, नेपाल सँगको हाम्रो सम्बन्ध भावी सन्तति सम्म निरन्तर गर्नका लागि हरेक दुई-दुई वर्षमा गरिने अन्तर्राष्ट्रिय महाधिवेशन नेपालमा नै प्रत्यक्ष रूपमा प्रतिनिधिहरू उपस्थित भएर गर्ने निर्णय गरिएको छ।

६. गैरआवासीय नेपाली संघमा देखिएका असहमति र विभाजनलाई एकीकृत रूपमा समेटेर लैजानका लागि सबै पक्षसँग समन्वय गर्दै अगाडि बढ्ने निर्णय गरिएको छ।

७. क्यानडामा सम्पन्न गरिएको यो क्षेत्रीय सम्मेलनलाई सफल बनाउन खट्नु हुने क्यानडाका पदाधिकारी, स्वयंसेवक, सञ्चारकर्मी, पत्रकार, संघसंस्थाका प्रतिनिधि ज्यू, समुदाय र सम्पूर्ण उपस्थित गैरआवासीय नेपालीमा गैरआवासीय नेपाली संघ हार्दिक धन्यवाद, आभार व्यक्त गर्दछ।

# सहयात्रा गतिविधि

## • नेपालको दलित आन्दोलनका लागि अन्तर्राष्ट्रिय सहयोग र ऐक्यबद्धता कार्यक्रम सम्पन्न

नेपालको पश्चिम रुकुममा अन्तरजातीय प्रेम गरेको निहुँमा नवराज वि.क सहित ६ जना तथा मधेशमा अंगिरा पासी र शम्भु दासको हत्या लगायत देशैभरि दलित समुदाय माथि भएका जातीय विभेदका घटना विरुद्ध नेपालमा चलिरहेको दलित नागरिक आन्दोलनमा अन्तर्राष्ट्रिय ऐक्यबद्धता र सहयोग आदान प्रदान गर्नका लागि सहयात्रा डिस्कोर्स अन्तर्गत एक भर्चुअल कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा नेपालबाट बुद्धिजीवी तथा दलित सामाजिक अभियन्ता मोतीलाल नेपाली, दलित नागरिक आन्दोलन संघर्ष समितिका सदस्य धनकुमारी सुनार, दलित गैरसरकारी संस्था महासंघका निवर्तमान अध्यक्ष गजाधर सुनार, तराई दलितका अभियन्ताहरू सिजेन्द्र सदा र मनोज रामले सहभागिता जनाउनु भएको थियो। त्यस्तै गरी कार्यक्रममा तिलक श्रीपाइली नेदरल्यान्डबाट, डीबी सागर विश्वकर्मा, पदम विश्वकर्मा, दीपक परियार, कुलबहादुर विश्वकर्मा, चमेली परियार र पुण्यवती रम्तेल अमेरिकाबाट, राजु रसाइली दक्षिण कोरियाबाट, सीता विश्वकर्मा अस्ट्रेलियाबाट तथा सन्तोष विश्वकर्मा, सुमन पौडेल र श्रवणकुमार सोप क्यानडाबाट सहभागी हुनुभएको थियो।

कार्यक्रममा वक्ताहरूले जातीय विभेदका कारण नवराज विक हत्याकाण्ड लगायत दलित समुदायका व्यक्तिहरू मारिएको अन्य घटनाको घोर भर्त्सना गर्नुभएको थियो। कार्यक्रममा धनकुमारी सुनारले दलित समुदायको मानव अधिकार हनन भएकाले यसले अन्तर्राष्ट्रिय स्तरमा नेपालको छवि खस्किएको बताउनुभएको थियो। उहाँले नेपालमा चलिरहेको दलित नागरिक आन्दोलनबाट पीडितहरूलाई न्याय दिलाउन र राज्यलाई खबरदारी गर्नका लागि अन्तर्राष्ट्रिय तहबाट सक्दो सहयोग गर्न पनि अपिल गर्नु भएको थियो।




यस कार्यक्रमको निचोडका रूपमा अन्तर्राष्ट्रियस्तरबाट नेपालको दलित आन्दोलनलाई दिगो रूपमा सहयोग गर्न विभिन्न सुझाव प्राप्त भएका थिए।

## • तराईका दलित समुदायलाई राहत वितरण

कोरोना भाइरस (कोभिड-१९) को संक्रमणलाई नियन्त्रण र न्यूनीकरण गर्न नेपाल सरकारले लामो अवधिसम्म गरेको देशव्यापी लकडाउनका कारण दैनिक ज्यालादारी गरी जीवनयापन गर्दै आएका विपन्न परिवारलाई हातमुख जोर्न अत्यन्तै समस्या परेको थियो। लकडाउनका कारण विशेष गरी तराईका दलित समुदायको अवस्था ज्यादै नाजुक बनेको थियो। चरम गरिबीका कारण तराईका दलित समुदायमा दैनिक श्रम गरेर खानुपर्ने बाध्यता रहेको तर लकडाउनका कारण काम गर्न नपाएकाले यो समुदाय भोकभोकै बस्न बाध्य हुनुका साथै यो समुदायका गर्भवती महिला खान नपाएर कुपोषणको सिकार हुने अवस्था सिर्जना भएको थियो। अझै तराईमा भोकमरीले दलित समुदायका एक व्यक्तिको मृत्युले सबैलाई स्तब्ध पारेको थियो। त्यसमाथि सरकारी निकायबाट राहतका लागि नेपाली नागरिकता अनिवार्य माग गरिने स्थानीय प्रावधान रहेकाले नागरिकता विहीन दलित समुदाय राहत पाउनबाट समेत वञ्चित भएका थिए।

यस अवस्थालाई मध्यनजर गरी सहयात्रा क्यानडाको पहलमा सहयात्राको पहलमा जलेश्वर नगरपालिका-३ का ४० घरधुरी दलित मुसहर समुदाय र वडा नं. २ का २५ घर दलित पासवान समुदायका ६५ जना अति विपन्न परिवारलाई एक लाख चार हजार बराबरको खाद्यान्न सहयोग गरिएको थियो। स्थानीय स्तरमा अधिकारकर्मी सजेन्द्र सदा र दलित समुदायका समाजसेवी एवं कानून व्यवसायी विक्रम पासवानले नेपाल सरकारको स्थानीय तहसँग समन्वय गरी राहत सामग्री वितरणको संयोजन गर्नुभएको थियो।

## • धर्म, संस्कार र छुवाछूत विषयक भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न

एकातिर नेपाली समाज विद्यमान जातीय विभेद र छुवाछूत धर्म संस्कारको मान्यताबाट निर्देशित छ। अर्कोतिर दलित अधिकारकर्मी तथा सामाजिक अभियन्ताले यस मान्यताबाट नेपाली समाजलाई कथित ठूलो र सानो तथा छूत र अछूत जातमा मान्छेहरूलाई वर्गीकरण गरेको कुरा चर्को रूपमा उठाउने गरेका छन्। तर, हिन्दु धार्मिक अगुवा तथा अभियन्ताहरू धर्मको मूल ग्रन्थमा जातीय विभेद नरहेको तथा समाजका शासकहरूले आफ्नो अनुकूल धर्मलाई व्याख्या गरी समाजमा उचनिच र जातपातको व्यवस्था लागू गरेकाले कालान्तरमा त्यही नै धार्मिक मान्यताका रूपमा विकास भएको हुँदा समाजमा जातीय विभेद एक टड्कारो रूपमा लागू भइरहेको यथार्थ बताइरहेका छन्। यही सन्दर्भमा सहयात्राले नेपाली समाजमा जातीय विभेद तथा छुवाछूत अन्त्यका लागि धार्मिक दृष्टिकोण महत्वपूर्ण हुने ठानेर धार्मिक तथा सामाजिक अभियन्ताको उपस्थितिमा धर्म संस्कार तथा छुवाछूत सम्बन्धी २० सेप्टेम्बर २०२० (४ असोज २०७७) मा भर्चुअलका माध्यमबाट एक छलफल, बहस तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो।

उक्त कार्यक्रममा प्रमुख वक्ताहरूका रूपमा धार्मिक अगुवा तथा पूर्व अध्यक्ष विश्व हिन्दु महासंघ दामोदर गौतम, अन्तर धार्मिक संस्थाका सचिव केशव चौलागाईं र सामाजिक अभियन्ता तथा दलित अधिकार कर्मीहरू कमला हेमचुरी, चन्देश्वर दास र गजाधर सुनारको उपस्थिति थियो। कार्यक्रममा दामोदर गौतमले हिन्दु दर्शनको मूल ग्रन्थ वेदमा जातीय व्यवस्थाको कुनै प्रावधान नभएको, कर्मका आधारमा समाजलाई प्रतिविम्ब गर्न खोजिएको तर कालान्तरमा त्यसको अपव्याख्या गरी कर्मलाई नै जातमा परिणत गरी जात व्यवस्था लाई दिएको कुरा दर्साउनु भएको थियो। वेदान्त दर्शनमा जातपातको कुनै पनि कुरा नभएको र सबै मानव समान भएको उल्लेख गर्नुभएको थियो। त्यसै गरी धार्मिक अभियन्ता, अध्येता, लेखक, समाज सुधारक केशव चौलागाईंले वेदान्त दर्शनको ज्ञानलाई अपव्याख्या गरी धर्म संस्कारको सिर्जना गर्दा समाजमा ठूलो र सानोको विभेद सिर्जना गर्नका लागि सामाजिक संस्कार गर्दा पालना गरिने कर्मकाण्डमा जातपातको कुरा मिसाइएको खुलासा गर्नुभएको थियो। वेदको ज्ञानलाई कर्मकाण्डले लागू गरेको गलत अभ्यासले ओझेलमा पारेको कुरा व्यक्त गर्नुभएको थियो। कार्यक्रममा कमला हेमचुरीले जातीय व्यवस्थाको मूल जरो वर्णव्यवस्था हो, केही जातिले आफ्नो वर्चस्व कायम गर्नका लागि प्रतिपादन गरेको दर्शन हो, यो मानवता विरोधी छ भन्नु भएको थियो। जबसम्म हिन्दु धर्मका गुरुहरूले पशुपति मन्दिर लगायत देशका अन्य मन्दिरमा दलित पुजारी राख्न सक्दैनन् तब सम्म हिन्दु धर्म भित्र जातव्यवस्थाको अन्त्य भएको मान्न नसकिने तर्क गर्नुभएको थियो। कार्यक्रममा चन्देश्वर दासले अहिले पनि शास्त्रसंग व्यवहार छ, वेदमा उल्लेख गरेजस्तो समाज कर्मको आधारमा होइन, जातव्यवस्थाको आधारमा समाज सञ्चालित छ भन्नुभएको थियो। समाजमा कर्मकाण्डको नाममा जातव्यवस्थालाई जबरजस्त लादिएको कुरा उहाँले उठान गर्नुभएको थियो। वर्णव्यवस्था एउटा नस्ल तथा जाति, समुदायलाई मात्र माथि उठाउने दर्शन भएको उहाँले बताउनुभएको थियो। कार्यक्रममा दलित गैरसरकारी संस्थाका निवर्तमान अध्यक्ष गजाधर सुनारले राज्यले जातीय विभेदलाई कानूनी रूपमा दण्डनीय अपराध मानेर मात्र पुग्दैन, जातीय विभेद विरुद्ध जनचेतना फैलाउन राज्यले पर्याप्त लगानी गर्नुपर्ने आवश्यक रहेको बताउनुभएको थियो। जातीय विभेद अन्त्य गर्न जातीय विभेद विरुद्धको सवाललाई घरघरमा प्रवेश गराउनुपर्ने तथा स्थानीय स्तरमा दलित महिला तथा प्रतिनिधि र स्थानीय पण्डितहरूको अगुवाइमा जातीय विभेद तथा छुवाछूत मुक्त अभियान सञ्चालन गर्नुपर्नेमा धार्मिक अगुवाहरूले जोड दिनुभएको थियो। कार्यक्रमको अध्यक्षता सन्तोष विश्वकर्मा तथा सञ्चालन सुमन पौडेलले गर्नुभएको थियो। माउन्ट एभरेस्ट टेलिभिजनबाट कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिएको थियो।



## ५६औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवसको सन्दर्भमा भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न

५६औं अन्तर्राष्ट्रिय जातीय विभेद उन्मूलन दिवस २१ मार्च २०२१ को अवसरमा सहयात्रा टिम क्यानडाले नेपालको दलित सवाल र सामाजिक न्यायको बहस सम्बन्धी एक भर्चुअल अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो। उक्त कार्यक्रममा सहयात्रा टिमबाट अन्तर्राष्ट्रिय सामाजिक न्याय कोष, दलित समुदायको सामाजिक न्यायको हक र मानव अधिकारको अवस्थाको निरन्तर जानकारी प्रदान गर्ने उदेश्यल Social Justice Times Online News Portal को सुरुवात गरिएको जानकारी गराइएको थियो। उक्त कार्यक्रममा वक्ताका रूपमा क्यानडाबाट बुद्धिजीवी तथा नेपाल दलित इन्फोका संस्थापक डा. द्रोणप्रकाश रसाइली, नेपालबाट दलित सामाजिक अभियन्ता तथा बुद्धिजीवी मोतीलाल नेपाली, दलित आत्मरक्षा अभियानका संयोजक डा. मित्र परियार, राजनीतिक अभियन्ता सुनिता मरिक र अमेरिकाबाट NRNA Youth Coordinator दीपक सुनुवारले आफना अमूल्य भनाइ राख्नुभएको थियो। कार्यक्रममा दलित गैरसरकारी संस्था महासंघका निवर्तमान अध्यक्ष गजाधर सुनार, अम्बेडर मिसन नेपालका संयोजक तथा दलित नेता चन्देश्वर पासवान, अम्बेडर मिसन टोरान्टोको तर्फबाट अजित लियर र गैरआवासीय नेपाली संघ अमेरिकाका युवा संयोजक दीपक सुनुवारले कार्यक्रममा दलितका सवालका विषयमा आआफ्नो धारणा राख्नुभएको थियो।





कार्यक्रममा डा. द्रोणप्रकाश रसाइली ले कार्यपत्र प्रस्तुत गर्दै नेपालमा दलित सवालको वर्तमान अवस्थाको समीक्षा र आगामी दिनमा दलित आन्दोलनले लिनुपर्ने रणनीतिक दिशाबारे प्रकाश पार्नुभएको थियो। त्यस्तैगरी डा. मित्र परियारले जातीय विभेद तथा छुवाछूत समाजमा व्याप्त रहनुमा धर्म संस्कार बाधक रहेको र यसको समग्र अन्त्यका लागि धार्मिक ग्रन्थ, शास्त्र र संस्कारगत अभ्यासमा सुधार गर्नु अहिलेको आवश्यकता भएको बताउनुभएको थियो। कार्यक्रमका अर्का वक्ता मोतीलाल नेपालीले जातीय विभेदबाट मुक्ति पाउनका लागि दलित समुदायले आफ्नो राजनीतिक हैसियत बलियो बनाउनुपर्ने कुरामा जोड दिनुभएको थियो। नेपालमा विद्यमान जातीय विभेद तथा छुवाछूत अन्त्य गर्न तथा दलित समुदायका हक अधिकार स्थापित गर्न कार्यक्रमले टेवा पुग्ने र यस्ता बहस छलफल कार्यक्रमलाई निरन्तरता दिनुपर्ने महत्वपूर्ण सुझाव तथा प्रतिक्रिया कार्यक्रम हेर्ने दर्शकहरूबाट, सामाजिक सञ्जाल तथा टेलिफोनबाट कार्यक्रम आयोजकलाई प्राप्त भएको थियो। कार्यक्रमको सञ्चालन सुमन पौडेलले गर्नुभएको थियो भने माउन्ट एभरेस्ट टेलिभिजन क्यानडाबाट उक्त कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिएको थियो।



## • सहयात्रा अन्तर्राष्ट्रिय सामाजिक न्याय सम्मान २०२२ प्रदान।

काठमाडौँ,




पत्रकार लालबहादुर विश्वकर्मालाई मरणोपरान्त 'सहयात्रा अन्तर्राष्ट्रिय सामाजिक न्याय सम्मान २०२२' प्रदान गरिएको छ। अधिकारकर्मी रेशमबहादुर सुनारको स्मृतिमा स्थापित सम्मान विश्वकर्मालाई प्रदान गरिएको हो। ५१ हजार रूपैयाँ राशि सहित विश्वकर्मालाई सम्मान गरिएको हो। राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माले एलबी विश्वकर्माका भाइ गौतम टमटालाई उक्त सम्मान राशि सहितको चेक हस्तान्तरण गरी सम्मान गरिएको हो।




हाल क्यानडामा रहेका डा. द्रोण रसाइली, सन्तोष विश्वकर्मा लगायतका अधिकार कर्मीले सहयात्रा (International Alleince for Social Justic) मार्फत यस सम्मान पुरस्कारको स्थापना गर्नुभएको हो।

## • भेटघाट कार्यक्रम



Himalayan Studies Conference- University of Toronto को कार्यक्रमले जुटाइदिएको ऐतिहासिक अवसर Adjunct Professor, University of British Columbia tyf Director Population Health Surveillance & Epidemiology, Provincial Health Services Authority, British Columbia आदरणीय दाजु डा. द्रोण रसाइली ज्यूसँग प्रत्यक्ष संवाद भेट, Sophia University Japan Professor (Faculty of Global Studies), Certified Social Worker Masako Tanaka Ph.d ज्यूसँग ११ वर्षपछि भेट साथै युवा नेता समता फान्डेसनका अध्यक्ष प्रदीप परियार ज्यूसँग धैरै लामो अन्तरालपछि भेट र एनआरएनए अभियन्ता तथा नेपाली काँग्रेस महाधिवेशन प्रतिनिधि नेता तुला भट्टचन, ग्लोबल एनआरएनए क्यानडाका वरिष्ठ उपाध्यक्ष आर्शीवाद सुवेदी, उपाध्यक्ष सुमन पौडेल, मित्र कलाधर विश्वकर्मा लागायत नेपालबाट आउने साथीहरूसँग भेटघाट गर्ने मौका सँगसँगै नेपालको विकासमा सामाजिक न्यायको सवाल र क्यानडामा नेपालीको मूल प्रवाहीकरणका विविध आयाममा छलफल तथा अन्तर्राष्ट्रिय अनुभव थाहा पाउने अवसर प्राप्त भएको थियो।

- **नेपालमा विद्यमान जातीय विभेद तथा छुवाछूतको अन्त्य गर्नका लागि क्यानेडियन गैरआवासीय नेपालीको भूमिका विषयक भर्चुअल अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।**

सहयात्रा क्यानडाले नेपालमा विद्यमान जातीय विभेद तथा छुवाछूतको अन्त्य गर्दै समता मूलक समाज निर्माणमा क्यानेडियन गैरआवासीय नेपालीले पुऱ्याउन सक्ने योगदानबारे भर्चुअल अन्तर्क्रिया मार्फत छलफल गरेको छ। क्यानडाका लागि नेपालका राजदूत भृगु ढुङ्गानाले नेपालको संविधान तथा कानूनमा जातीय विभेदलाई निषेध मात्र हैन, भेदभाव गर्नेलाई दण्डको पनि व्यवस्था गरेको उल्लेख गर्नुभएको थियो। अन्तर्क्रिया कै क्रममा राजदूत ढुङ्गानाले विभेद विरुद्ध कानूनी र संवैधानिक व्यवस्था भए पनि मानसिक रूपमा जातीय भेदभावलाई हटाउन नसकिएको कुरा राख्दै यसको अन्त्यका लागि सबै जातजातिको सामूहिक संकल्पको जरुरी छ भन्ने कुरामा जोड दिनुभएको थियो। नेपालको विकास र समृद्धिमा क्यानडाका नेपालीको महत्वपूर्ण भूमिका रहेजस्तै जातीय विभेदको अन्त्यका लागि पनि काम गर्नुपर्ने आवश्यकता औंल्याउनु भएको थियो।




अन्तर्क्रियामा डा. द्रोणप्रकाश रसाइली ले नेपालको संविधान प्रगतिशील भए पनि व्यवहारमा भने दलित माथिको विभेद यथावत् रहनु अत्यन्त दुःखद भएको बताउनुभएको थियो। दलित शब्द उचो अथवा निचो देखाउने शब्द नभएर इतिहास देखि विभेदमा परेको खास समुदायको परिचयका लागि दिइएको शब्द मात्रै भएको कुरा प्रकाश पार्नुभएको थियो।

कार्यक्रममा एनआरएनए. क्यानडाका अध्यक्ष दीपक गौतम, ब्यारिस्टर तथा सोलिसिटर केशव दाहाल, लोक गायिका देविका केसी, डाक्टर पूर्ण कँडेल लगायतका सहभागीले क्यानडा र नेपालमा भएका विभेद अन्त्यका लागि सबै पक्ष जुट्नुपर्ने बताउनुभयो।

सहयात्रा इन्टरनेसनल अलायन्स फर सोसल जस्टिसका अध्यक्ष सन्तोष विश्वकर्माले विभेद देश भित्रको मात्र नभई विदेशमा बस्ने सबै नेपालीको मुद्दा भएकाले यसको अन्त्यका लागि सबै जातजाति र समुदायको साथ र सहयोग हुनुपर्ने कुरामा जोड दिनुभएको थियो।



## • सहयात्रा क्यानडा द्वारा जीविकोपार्जनका लागि सहयोग



सहयात्रा (International Allaiance For Social Justice) क्यानडाले नेपालमा विविध कारणले अन्याय, अत्याचार, विभेद तथा वञ्चितीकरणमा परेका व्यक्ति तथा समुदायलाई सहयोग गरी सामाजिक न्याय स्थापनाको सवालमा महत्वपूर्ण योगदान गर्दै आएको छ। यसै अन्तर्गत जीविकोपार्जनका लागि टेवा पुऱ्याउने उद्देश्य अनुरूप हाल सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका-७, दुनाचौर निवासी विपन्न फूलमाया तामाङलाई स्थानीय निकायसँग समन्वय गरी जीविकोपार्जनका लागि रु. ३०,०००/- (अक्षेरूपी : तीस हजार मात्र) आर्थिक सहयोग प्रदान गरेको थियो। उहाँको परिवारमा दुई नाबालक छोरा छन्। उहाँले प्राप्त सहयोग रकमबाट बाख्रापालन गर्ने बताउनुभएको छ। उक्त सहयोग स्थानीय सहजकर्ता संगीता नेपालीबाट हस्तान्तरण गरिएको छ।

## • न्यानो कपडा वितरणमा सहयोग



समता मिडिया सेन्टरद्वारा सञ्चालित बालबालिका बचाउ अभियान अन्तर्गत धनगढी उपमहानगरपालिका-१५, शान्तिकटान कैलालीमा २०७८ माघ १७ गतेका दिन न्यानो कपडा वितरणका लागि ३७,२५५/- (अक्षेरूपी : सैंतीस हजार दुई सय पचपन्न मात्र) आर्थिक सहयोग गरेको छ। लामो समयदेखिको शीतलहरका कारणले चिसो बढेसँगै आर्थिक रूपमा विपन्न, असहाय, दलित परिवारका २० जना बालबालिकालाई न्यानो कपडा वितरण गरिएको हो। समता मिडिया सेन्टरले सञ्चालन गरेको वृद्धवृद्धा तथा बालबालिका बचाउ अभियान अन्तर्गत सहयात्रा (International Allaiance For Social Justice) क्यानडासँगको सहकार्यमा सेन्टरले न्यानो कपडा वितरण गरेको हो।



## ● क्यानडामा सहयात्रा साँझ भव्यताका साथ सम्पन्न




ब्राम्पटन, मिसिसागा, टोरोन्टो, स्कारव्रो लगायत क्यानडामा स्थायी तथा अस्थायी रूपमा बसोबास गर्दै आइरहेका नेपालीलाई नेपाल तथा नेपाली समुदायमा चर्चित गायक तथा संगीतकार यश कुमारले नेपाली संगीतको तिर्खा मेटाउनुभएको छ। २०२३ नोभेम्बर १८ मा क्यानडाको मिसिसागामा आयोजित सहयात्रा साँझमा एक दर्जनभन्दा बढी गीत प्रस्तुत गरेर बहुआयामिक तथा बहुप्रतिभाशाली गायक यश कुमारले नेपालीलाई मनोरञ्जन प्रदान गर्नुभएको हो। 'हिजो अर्कैसँग देखैं, आज अर्कैसँग देखैं' बोलको गीतबाट प्रस्तुति सुरु गरेका यश कुमारले सुस्तरी सुस्तरी, तिम्रो मन बदलिएछ, बिरानो यो मन्दिरमा लगायतका दर्जनभन्दा बढी गीत पस्केर संगीतप्रेमी नेपालीहरूलाई भरपुर सांगीतिक आनन्द दिलाउनु भएको थियो। यश कुमारको गीत सुन्न मिसिसागास्थित औताक पार्टी प्यालेसको हलमा टोरन्टो, ब्राम्टन र मिसिसागा सहरमा बसोबास गरी विभिन्न पेसा, व्यवसायमा आबद्ध सयौँको संख्यामा नेपालीको उपस्थिति रहेको थियो। क्यानडामा रहेका नेपालीबीच नेपाली कला, संस्कृति र सम्पदाको संरक्षण तथा प्रवर्द्धन गर्दै आइरहेको संस्था 'सहयात्रा क्यानडा' आयोजक रहेको सो सांगीतिक साँझमा यश कुमारलाई साथ दिँदै सयौं संगीतप्रेमी नेपाली गीत र नृत्यमा झुमेका थिए।

संसारको जुनसुकै स्थानमा बसोबास गरे पनि नेपाली गीतसंगीतलाई माया गर्न अनुरोध गर्दै प्रस्तुति सुरु गरेका गायक यश कुमारले कार्यक्रमको अन्तिम सम्म दर्शकलाई नचाउनु भएको थियो।

निर्जला केसीले सञ्चालन गर्नुभएको सो कार्यक्रममा हेरुका लामा, खेम ओली, मनोज विक, स्मृति शाही, नीरज संग्रौला, रिता बुर्लाकोटी, मानसिंह खड्का, अर्जुन रसाइली, जेबी निम्बा, सुरज कालाखेती, निर्मल विश्वकर्मा, सुरज आचार्य लगायत दर्जनभन्दा बढी कलाकारले धमाकादार सांगीतिक प्रस्तुति दिएका थिए।

गीतसंगीतका माध्यमबाट हाम्रो नेपाली मौलिक संस्कृतिलाई विश्वभर स्थापित गर्न र नयाँ पुस्तामा हस्तान्तरण गर्न कार्यक्रमको आयोजना गरेको सहयात्राका अध्यक्ष सन्तोष विश्वकर्माले जानकारी दिनुभयो। अध्यक्ष विश्वकर्मा भन्नुहुन्छ, 'गीतसंगीत मुलुकको मूल पहिचान हो। हामी जहाँ बसे पनि यो पहिचानको संरक्षण, संवर्द्धन र प्रवर्द्धन आफैँले गर्नुपर्छ र यो नै सच्चा राष्ट्रवाद हो।'








क्यानडामा नेपालीको आगमन बाक्लो भए सँगै नेपाली कला संस्कृतिको जगेर्नामा विशेष रूपले ध्यान दिन आवश्यकता रहेको कुरालाई मध्यनजर गर्दै सहयात्रा साँझ कार्यक्रम आयोजना गरेको प्रायोजक सुरेन लामाले बताउनुभयो। विदेशमा बस्ने नेपाली आफ्नो मातृभूमिको पहिचानप्रति बढी संवेदनशील हुने भएकाले उनीहरूको त्यो भावनालाई सम्मानका साथ बचाइराख्न कार्यक्रमको आयोजना गरेको उहाँ बताउनुहुन्छ।

बिदेशमा बस्ने नयाँ पुस्तालाई नेपाली हुनुको गौरव गराउँदै नेपाली गीत संगीत प्रति लगाव वढाउनका लागि यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गर्ने ब्राह्मटनका नेपाली युवा व्यवसायी क्रिजल अधिकारीले बताउनुभयो। उहाँ भन्नुहुन्छ, 'नेपाली गीतसंगीतलाई माया गर्नेहरू क्यानडामा धेरै छन्, उनीहरूका लागि मनोरञ्जन दिन र नेपाली संगीतको बजार विस्तारका लागि यस्ता कार्यक्रम फलदायी हुन्छन्।'

उक्त कार्यक्रमलाई एभरेस्ट रियल्टी लिमिटेड ब्रोकरेज, रिंगम्याक्स रियल्टी ब्रोकरेज, उत्सव, चाडपर्व, लागर क्यिर, आइप्रो रियल्टी ब्रोकरेज, बम्बे बार एन्ड ग्रिल, दाहाल ल फम, पीबी स्टापिङ सोलुसन, हिमालयन फाइनान्स ग्रुप, शरद सीपीए व्यावसायिक कोअपरेसन, भितावास ग्लोबल मार्केटिक, तारानाथ लामिछाने ड्राइभिङ प्रशिक्षक, कुमारी ज्वलर, जयसन्तोषी ज्वलर, सरस्वती ज्वलर, सरेन्द्र लामा, भीम रामदाम लगायतबाट प्रायोजन भएको थियो।

कार्यक्रममा गायक यश कुमारलाई सहयात्रा सम्मान गरिएको थियो।

## • नेपाल देखि क्यानडा सम्म जातीय विभेद

राजनीतिक, सामाजिक परिवर्तनका कैयौं ठूला घटना हुँदा पनि जातीय विभेद अझै सम्म निर्मूल हुन सकेको छैन। सबैलाई मानवीय दृष्टिले हेर्नु पर्नेमा जात, वर्ण, लिंग जस्ता विभिन्न आधारमा विभेद गर्ने चलन अझै सकिएको छैन।

नेपाल देखि क्यानडा आएर बसोबास गर्दा सम्म विभिन्न पटक जातीय विभेदको घटनामा साक्षी बन्नु परेको छ। आफैँले त्यस्तो व्यवहार भोग्नु परेको छ। केही घटना यहाँ उल्लेख गर्न चाहन्छु।

मेरो जन्म म्याग्दी जिल्लाको तत्कालीन अरमन गाविसमा भएको हो। त्यहीँबाट एसएलसी पास गरेपछि उच्च शिक्षा अध्ययन गर्न काठमाडौँ गएँ।

अहिले रूपा सुनारलाई डेरा दिन घरबेटीले अस्वीकार गरेजस्तै मैले क्याम्पस पढ्ने बेलामा पनि अवस्था त्यस्तै थियो। त्यसबेला विभेद अझ धेरै थियो।

आफ्नो वास्तविक जात भन्दा कोठा नपाउने डरले म ढाँटेरै डेरामा बसेँ। कतिपय घरमा एउटा परिवार जस्तै भएर बसियो तर उनीहरूले थाहा पाएपछि राता रात डेरा पनि छोड्नु परेको अनुभव पनि छ।

काठमाडौँमा विद्यार्थी हुँदा आफ्नो खर्च आफैँ धान्नुपर्ने बाध्यता थियो। तसर्थ निजी विद्यालयमा पढाएँ, केही समय गोयल ग्रुपमा काम गरेँ। यस बाहेक अरू पनि अनेकौं काम गरेँ।

यस्तै संघर्ष गर्दागर्दै शंकरदेव क्याम्पसबाट व्यवस्थापन संकायमा स्नातकोत्तरको पढाइ सकियो। त्यसपछि अन्तर्राष्ट्रिय गैरसरकारी संस्था आईयूसीएनमा काम गर्ने मौका पाएँ।

त्यहाँ रहँदा आफ्नो क्षमताले भ्याए सम्म दलित आन्दोलनलाई सहयोग पुग्ने किसिमले काम गरेँ। व्यक्तिगत रूपमा पनि भेदभाव विरुद्ध मेरो सक्रियता थियो।

क्यानडा आएको २० वर्ष भइसकेछ। यसबीचमा नेपालमा धेरै परिवर्तन भए। राजनीतिक, प्रविधि, शिक्षा, चेतनास्तर आदि धेरै कुरामा उल्लेख्य परिवर्तन भएको छ। तर, नेपालमा अहिलेसम्म पनि जातका आधारमा विभेद गर्न रोकिएको छैन।

मलाई अचम्म कतिबेला लाग्छ भने क्यानडामा पनि हामीले विभेदको सामना गर्नु परिरहेको छ। यहीँ भएको एउटा घटना उल्लेख गर्न चाहन्छु।

मेरी पत्नी र म केही वर्षअघि एउटा पार्टीमा गएका थियौँ। सहभागीहरू आआफ्नो तरिकाले रमाइरहेका थिए। अरू महिला भान्सामा व्यस्त रहेको देखेपछि मेरी पत्नी पनि त्यहाँ सघाउन गइछन्। उनलाई मुखै खोलेर कसैले केही भनेनन्। तर, पार्टी आयोजक साथीले त्यो सबै देखे।

उनले असहज महसुस गर्न थाले। मुखले त उनले पनि केही भनेनन् तर मैले उनको अनुहारमा मेरी पत्नी प्रति घृणा देख्न थालेँ।

त्यस्तो अस्वाभाविक भाव देखेर मलाई त्यहाँ बस्न मन लागेन। पार्टी चलिरहेकै थियो। मलाई उकुसमुकुस भयो। मैले पत्नीलाई घर फर्कौं भनेँ। उनले अझै बेला भएको छैन भन्दै थिइन्। हामी छोराछोरीलाई घरमै छोडेर गएका थियौँ। उनीहरूलाई एक्लै धेरै समय छाड्नु हुन्न भन्ने बहाना बनाएर हामी फर्कियौँ। त्यो घटनापछि साथीभाइले बोलाएका ठाउँमा जान पनि अप्ठेरो लाग्न थाल्यो।

क्यानडा बहुराष्ट्रियता, बहुसांस्कृतिक, बहुभाषिक भएको देश हो। क्यानडाको करिब २५ प्रतिशत जनसंख्या क्यानडाभन्दा बाहिर जन्मिएका मानिसको छ। यहाँका नीति तथा कानून त्यही बहुलवादलाई प्रश्रय दिने किसिमले बनाइएका छन्। तसर्थ मलाई लाग्छ, यो देश प्रगतिशील देश हो। अमेरिकालगायतका अन्य अति विकसित देशसँग तुलना गर्दा क्यानडाले आप्रवासी, महिला, लैंगिक अल्पसंख्यक, रंगभेदी नीतिमा ती देशभन्दा पहिला र अग्रगामी नीति अंगीकार गरेको छ। यस्तो देशका स्थायी बासिन्दा वा नागरिक भइसक्दा पनि नेपालीको मानसिकता मल्ल शासकको पालाको जस्तो हुनु विडम्बना हो।

अर्को घटना पनि उल्लेख गर्न चाहन्छु। मिसिसागा, ओन्टारियोमा दुई जना साथीलाई चिनजानकै एक नेपाली साथीको घरको बेसमेन्ट अपार्टमेन्टमा डेरा राख्न मद्दत गरेको थिएँ।

उनीहरू त्यहाँ परिवारकै सदस्य जसरी र नियमित भाडा तिरेर बसेका थिए। घरबेटीलाई कुनै बाधा पनि पुऱ्याएका थिएनन्।

एक दिन अचानक घरबेटीले बेसमेन्ट अपार्टमेन्ट छोड्न भनेछन्। पछि कारण खोज्दै जाँदा थाहा भयो, घरबेटीले मेरा साथीहरू दलित भनेर थाहा पाएछन्। ती घरबेटीले बहाना बनाएर उनीहरूलाई घरबाट निकाले। यो कुरा थाहा पाएपछि मलाई असाध्यै रिस उठ्यो। त्योबेला नेपाली नै हुन् भनेर घरबेटी विरुद्ध कुनै कदम चालिएन।

क्यानडामा नेपालीले नेपालीलाई विभेद गरेका अनेक घटना सुनिन्छ। जातीय विभेदको चक्रले क्यानडामा पनि हामीलाई छाडेको छैन। दलित समुदायका अरू मानिस जस्तै म पनि विभेद देख्दै र भोग्दै हुर्किएको हुँ। जातीय मात्र हैन, गाउँमा हुँदा वर्गीय विभेद पनि भोगेको छु। नेपालमा विभेदको अन्त्य गर्छौं भन्ने राजनीतिक दलको विद्यार्थी संगठनमा रहेर पनि काम गरेँ।

उमेर सानै थियो। मसँग मिल्ने एक जना गैरदलित केटी साथी थिइन्। उमेर बढ्दै जाँदा म उनलाई मन पराउन थालेँ। हामी बीच माया पनि बढ्दै गयो। तर, विडम्बना समाजले हाम्रो प्रेमलाई जातीयताको चस्मा लगाई हेऱ्यो। अन्धो समाजले हाम्रो प्रेमलाई बीच बाटोमै माटोमा मिलाइ दियो। हाम्रो विछोडका पछाडि जातीय विभेद नै थियो भन्ने कुरामा मलाई कुनै शंका छैन।

विद्यालय पढ्दा म जेहेनदार विद्यार्थी थिएँ। मैले पढेको म्याग्दीको विद्यालयमा म सहित १० जनाले प्रथम श्रेणीमा प्री एसएलसी परीक्षा पास गरेका थियौँ। त्यो समयमा त्यस कुरालाई ठूलै उपलब्धिका रूपमा लिइन्थ्यो। एसएलसी परीक्षामा राम्रो नतिजा आओस् भनेर विद्यालयले हामीलाई विशेष कोचिङ कक्षाको व्यवस्था गरेको थियो। विद्यालयले कुनै विभेद गरेन।

परीक्षा केन्द्र सदरमुकाममा भएकाले हामी त्यहाँको एउटा होटेलमा भाडामा बसेर परीक्षाको तयारी गरिरहेका थियौँ। होटेल मालिकलाई मेरो बारे थाहा थिएन। हामी धेरै विद्यार्थी त्यहाँ बसेकाले उनलाई त्यसको मतलब पनि भएन। मेरा सहपाठी गैरदलित साथीहरूलाई पनि उनीहरू सँगै रहँदा कुनै समस्या भएको मैले थाहा पाइनँ। कक्षामा पनि उनीहरूले विभेद गरेको मलाई सम्झना छैन।

मलाई लाग्थ्यो, होटेल साहुले मेराबारे थाहा पाएको भए मलाई त्यहाँ बस्न दिँदैनथे। सानै उमेर देखि विभेदका घटना भोगेका कारण म त्यहाँ रहँदा पनि हरहमेसा त्रासमा रहन्थेँ।

एक दिन हाम्रै गाउँका एक परिचित दाइ घिउ बेच्दै त्यस होटेलमा आइपुगेका रहेछन्। उनले मलाई देखेँ। त्यो घटनापछि मेरा नौनारी गले। मलाई होटल साहुले थाहा पाउने भयो भनेर डर लाग्न थाल्यो। यदि उसले थाहा पाएको भए मैले सदरमुकाम भरि कतै पनि डेरा पाउन मुस्किल हुन्छ भन्ने पीरले सताउन थाल्यो। परीक्षा सुरु हुन एक साता मात्र थियो। म मानसिक रूपमा अध्ययनमा केन्द्रित हुनु पर्नेमा त्यो घटनाका कारण बिरामी परेँ। मनमा एउटै चिन्ता थियो, होटेलबाट कतिबेला निस्कनुपर्ने हो। म पढाइ र परीक्षामा केन्द्रित हुनै सकिनँ। त्यस्तै चिन्ता र डरबीच मैले परीक्षा दिएँ। सबै साथीको नतिजा राम्रो आयो तर म शिक्षक, साथी र आफन्तले अपेक्षा गरेबमोजिम प्रथम श्रेणीमा उत्तीर्ण हुन सकिनँ। दोस्रो श्रेणीमा उत्तीर्ण भएँ। शिक्षक लगायत सबै आश्चर्यमा परे। तर, किन त्यस्तो भयो भन्ने कुरा मलाई मात्र थाहा थियो। एसएलसीको अनपेक्षित नतिजाले मेरो जीवनको लक्ष्य फेरियो। विज्ञान विषय पढ्ने योजना बनाएको मैले त्यो बाटो छाड्नुपऱ्यो। व्यवस्थापन विषय पढ्ने निधो गरेँ।

बुवाआमालाई सम्झाएर काठमाडौँ पढ्न जान मनाएँ। मेरो कलिलो मनमा लागेको थियो, ठूलो सहरमा गाउँ र जिल्ला सदरमुकाममा जस्तो विभेदका घटना भोग्नु नपर्ला। विभेदका लागि काठमाडौँ पनि फरक निस्किएन। डेरा नपाउने त्रासका कारण त्यहाँ पनि परिचय लुकाउन बाध्य हुनुपऱ्यो। घरबेटीले थाहा नपाउन्जेल एउटै परिवार जसरी बस्न पाइन्थ्यो, थाहा पाएपछि डेरा छाड्नुको विकल्प नै हुँदैनथ्यो।

त्यसरी कैयौँ पटक रातारात डेराबाट लखेटिइनु परेको थियो। हामीलाई थाहा छ, नेपालमा कैयौँ दलित साथीले आफ्नो जात र थर बदलेर बाहुनक्षेत्रीको जस्तो सुनिने थर राखेका छन्। त्यसो गर्नु ठीक हो या बेठीक भन्ने बहसतिर अहिले नजाऔँ। उनीहरूले आफ्नो असली परिचय लुकाउनु पर्ने र पहिचान नै बदल्नु पर्ने अवस्थाको सिर्जना कसले बनायो ?

एउटा क्षेत्रीको छोरो गर्वका साथ आफ्नो नाम रामबहादुर मल्ल ठकुरी लेख्छ। अन्य विभिन्न जातिले पनि आफ्नो जात वा थर निर्धक्क लेख्न सक्छन्। मैले मेरो नाम सुवास बीके लेख्न किन सक्दिनँ ? मैले किन आफ्नै जात वा थर लेख्न हिचकिचाउनु पर्ने ? त्यो महत्वपूर्ण कुरा हो जस्तो मलाई लाग्छ।

२० वर्षअगाडि म मन्ट्रियल, क्यानडा आउँदा अपरिचितले पनि घरको सदस्यजस्तै हार्दिकताका साथ स्वागत गर्थे। कोही नेपाली पहिलो पल्ट त्यहाँ आउँदा एयरपोर्टमा स्वागत गर्न जाने चलन थियो। जातपातको कुरै हुँदैनथ्यो, मतलब नै थिएन।

नेपालीलाई घरघरमा स्वागत हुन्थ्यो। मैले पनि त्यहाँ हार्दिक स्वागत पाएको थिएँ। क्यानडामा पनि नेपाली समुदाय बढ्दै गयो। समाज बढ्दै जान थालेपछि विभेदका घटना पनि हुन थाले। कैयौँ पटक सँगै खानपिन, उठबस गरेका साथीले नै विभेद गर्न थाले। बहुसांस्कृतिक देशमा बसेर अझै पुरातन सोचाइ राख्नु साँच्चै नै अचम्मको कुरा हो। हामीले देखेका छौँ, क्यानडामा अझ पनि नजानिँदो किसिमको रंगभेद छ। एसियाली मूलका मानिसमाथि घिनलाग्दा आक्रमणका घटना अझै भइरहेका छन्।

काला जातिले अझै पनि सरकार र समाजले समान व्यवहार नगरेको गुनासो गरिहेका छन्। क्यानडाका सुरुवाती दिनमा कार्यरत एउटा सुसी रेस्टुरेन्टमा गोरा ग्राहकबाट विभेदको घिनलाग्दो रूप देखेको थिएँ।

सहकर्मी तथा व्यवस्थापनबाट कुनै समस्या थिएन तर केही ग्राहकको भाव र भंगिमाले सुसी रेस्टुरेन्टमा हामीलाई पाउँदा सहज रूपमा नलिएको देखिन्थ्यो। सुसी जापानिज खाना भएकाले रेस्टुरेन्टमा पनि जापानिज कर्मचारी खोजेका हुन सक्छन्। विभेदजन्य कार्य गर्दा हुने दण्डका डरले ग्राहकले त्यस्ता कुरा प्रकट गर्न भने सक्दैनन्।

अमेरिका भन्दा अगाडि रंगभेद अन्त्य गरेको क्यानडाको समाजमा जातीय विभेद दण्डनीय कुरा हो। नेपालमा नै जातीय उत्पीडन विरुद्ध समाज कठोर र सरकार आक्रामक बन्दै गएका अवस्थामा क्यानडा जस्तो खुला र उदार समाजमा अझै पनि पुरातनवादी सोच राख्नु मूर्खता मात्र हो। नेपाली दाजुभाइ तथा दिदीबहिनी लाई मेरो के आग्रह छ भने जातीय विभेद गरेकै कारण एउटा नेपालीले अर्को नेपाली विरुद्ध प्रहरीमा उजुरी गर्नु नपरोस्। विभेद गरेकै कारण कसैले जेल जानु नपरोस्।

क्यानडाका कतिपय नेपालीले अझै समान व्यवहार गर्न नजानेकाले त्यस्तो अभ्यास गर्न यहाँका हरेक व्यक्ति र संस्थाहरू लाग्नु पर्छ। मलाई लाग्छ, एनआरएनए क्यानडाले विभेद विरुद्ध सशक्त रूपमा बोल्नु पर्छ र त्यस अनुरूप काम पनि गर्नुपर्छ। क्यानडाका अरू सामाजिक संघसंस्थाले पनि विभेद विरुद्ध काम गर्नुपर्छ।

साभार



● २०२१ जुन २९, रूपा सुनार माथि भएको जातीय विभेदको घटनासम्बन्धी ध्यानाकर्षणपत्र

## रुपा सुनार माथि भएको जातीय बिभेदको घटनामा ध्यानकर्षण पत्र

नेपालमा भर्खरै सञ्चारकर्मी रुपा सुनारलाई जातका आधारमा घरबेटी सरस्वती प्रधानले कोठा भाडामा दिन अस्वीकार गरेको घटनामा पीडितले आफूलाई जातीय बिभेद भएकोमा न्याय प्राप्तिका लागी नेपालको प्रचलित संविधान तथा कानुन बमोजिम प्रहरीमा दिएको उजुरी अनुसार आरोपितलाई हिरासतमा राखि घटनाको अनुसन्धान प्रक्रिया अगाडि बढाइएको बेला नेपाल सरकारका शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्री कृष्णगोपाल श्रेष्ठले राज्यशक्तिको दुरुपयोगगरी न्यायिक छानबिन प्रक्रियामा रहेको घटनामा हस्तक्षेप गरी पिडकलाई छुटाउन गरेको कार्य प्रति सहयात्रा क्यानाडाको गम्भीर ध्यानकर्षण भएको छ।

राज्यका जिम्मेवार ओहोदावाला मन्त्रीले जातीय बिभेदलाई प्रश्रय दिई पिडकलाई संरक्षण दिएको यस घटनाले नेपाल सरकार पक्ष राष्ट्र भएर अनुमोदन गरेका अन्तराष्ट्रिय मानव अधिकार सम्बन्धि सन्धि, सम्झौता तथा जातीय बिभेद विरुद्धका घरेलु कानुनहरुको कार्यन्वयनमा राज्य जवाफदेही नभई देशमा मानव अधिकारको रक्षाको सवाललाई उपहास गरी डण्डहिनतालाई प्रश्रय दिएको यस घटनाको घोर निन्दा तथा भर्त्सना गर्दछौ।

जातीय बिभेदको मुद्दा सरकारबादी मुद्दा भएको बेला सरकार स्वयम पीडितको न्यायको पक्षमा लडनु पर्नेमा उल्टै बहालवाला एक जिम्मेवार मन्त्रीको यस्तो गैर जिम्मेवार कदमले नेपाल सरकार जातीय बिभेद तथा छुवाछूतको घटनामा संबेदनसिल नभएको, शताब्दीऔ देखि छुवाछुत जस्तो हिंस्रक भेदभाव भोगिरहेको दलित समुदायको मानव अधिकार रक्षाको सवालमा गम्भीर नभएको तथा यस्ता मानवता बिरोधि अपराधमा राज्यको ठाडो संग्लनताले देशको छविमा नराम्रो धब्बा लागेको ठहर गर्दछौ।

जातीय बिभेदको शिकार भएकी रुपा सुनारलाई घटनाको निष्पक्ष छानबिन गरी कानुन बमोजिम न्याय दिलाउन तथा शान्ति सुरक्षा प्रदान गर्न नेपाल सरकार लगायत सम्बन्धित राजनीतीक दलहरु, मानव अधिकार आयोग, दलित आयोग, महिला आयोग, संयुक्त राष्ट्र संघ, मानव अधिकार सम्बद्ध संघ सस्थाहरु लगायत सम्पूर्ण राष्ट्रिय अन्तराष्ट्रिय सरोकारवालाहरु सग जोडदार माग गर्दछौ। साथै यस घटनामा बहालवाला शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्री कृष्णगोपाल श्रेष्ठले राज्य शक्तिको दुरुपयोग गरी नेपाल संविधान र कानून बिरुद्धको कार्य गरेको हुदा निजलाई कार्वाही गर्न नेपाल सरकार सग जोडदार माग गर्दछौ।

यो घटनाबाट उजागर भएको तथ्य जातीय बिभेद तथा छुवाछुतको समस्यामा अझै पनि नेपाली समाजमा गहिरो सग जकडिएर रहेको यसलाई समाजबाट उन्मूलन गनुपर्छ भन्ने चेतनाको अभाव जनमानसमा देखिएको हुदा जातीय बिभेद तथा छुवाछुत बिभेद बिरुद्ध जनचेतना जगाउन तथा बिद्यमान कानूनहरुको बारेमा औपचारीक तथा अनौपचारी शिक्षा दिनका लागि नेपाल सरकार तथा राजनीतीक दल,मिडिया धार्मिक संघ सस्था,गैर सरकारी सस्था, जातीय संघ सस्था लयायत सर्म्पूण सरोकारवालाहरुलाई हार्दिक अपिल गर्न चाहन्छौ।

साथै नेपालमा जातीय बिभेदको सवाल एक संरचनागत सामाजिक समस्या भएको हुदा यो कुनै व्यक्ति बिशेष वा दलित समुदायले भोख्दै आइरहेको सवाल मात्र नभई सिंगो राष्ट्रको सवाल भएको हुदा सम्पुर्ण न्याय प्रेमी जनसमुदायलाई दलित समुदायले जातका आधारमा श्रृंखलागतरुपमा भोग्दै आइरहेका जातीय बिभेदका घटनाहरुमा पिडीतको न्यायका पक्षमा अवाज बुलन्द गरिदिनु हुन पनि आग्रह गर्न चाहन्छौ।

सन्तोष बिश्वकर्मा
संयोजक
सहयात्रा, क्यानाडा

ALLIANCE FOR SOCIAL JUSTICE

२०७८ असार १५

## सहयात्रा हार्दिक अपिल

सहयात्रा क्यानाडामा कार्यरत सामाजिक अभियन्ता तथा मानवअधिकारकर्मीहरूको पहलमा विश्वव्यापी रुपमा भइरहेको मानवअधिकार र सामाजिक न्यायको आन्दोलनमा योगदान पु-याउन तथा नेपालमा सामाजिकरुपमा बिभेदमा पारिएका समुदायको मानव अधिकार प्रर्बदन र स्थापित गर्न सन् २०२१ मा स्थापना गरीएको गैरनाफामूलक, गैरराजनीतीक एक सामाजिक संस्था हो। २१ औ शताब्दीमा बिश्व चरम बिकास र समुद्धिमा पुगेता पनि अझै पनि बिश्वका अधिकांश मुलुकहरुहरु अशिक्षा, गरीबी, अन्धबिश्वास, समाजिक पछयौट्ेपन, कुप्रथाजस्ता सामाजिक अन्याय र असमानताहरुबाट गुज्रिरहेका छन । यस्ता सामाजिक अन्याय तथा असमानता बिद्यमान हुदासम्म एउटा सभ्य, सुसस्कृत, तथा शान्तिपूर्ण समृद्ध समाज निर्माण हुन सक्दैन । अझ पनि विश्वभर कुनै न कुनै रुपमा बिभेदहरु बिद्यमान छ खाली त्यसको स्वरुप मात्रै फरक हो।बिभेदले दिने पिडा सबैलाई समान हो । हामी सबैले जीवनमा कुनै कुनै रुपमा बिभेदको पिडा भोगिरहेको हुन्छौ । बिश्वमा धर्म,रङ्ग, लिङ्ग, बर्ग, जात जाति, भाषा, उमेर, शारीरिक असक्तता बिबिध बिभेदका स्वरुपहरु छन्। तर पनि कहिले काहि हामीले आफूले भोगेको बिभेदको पिडा बिर्सेर अरुलाई जानेर वा नजानेर बिभेद गरिरहेको हुन्छौ। बिभेदले दिएको पिडाको नतीजा सधै भरी नकारात्मकनै हुन्छ। जब बिभेद व्यक्तिगत स्तरबाट समूह स्तरमा सस्थागत हुन्छ यसले सिंगो समाज, देशको बिकासक्रमलाई अवरोध सृजना गर्दछ । साथै विभेदले एउटा सिंगो समुदाय वर्ग विशेषलाई सामाजिक, आर्थिक,राजनीतीको बिकासको मूल प्रवाहबाट बहिष्करण गरेको हुन्छ। नेपाल लगायत विश्वका कुनै पनि देश यो कुराबाट अछुतो छैन। नेपालमा राजनीतीकरुपमा ठुला परिवर्तनहरु भएतापनि सामाजिक सास्कृतिकरुपमा बिद्यमान भएका सामाजिक कुसस्कार र असमानताहरुलाई अन्त्य गर्ने सवालहरुले प्राथमिकता पाउन सकिरहेको छैन । अर्थात सामाजिकरुपमा बिद्यमान अन्धबिश्वास, कुसस्कार र कुप्राथालाई अन्त्य गर्न आम नेपालीहरु बीचको साझा बुझाई निर्माण तथा सहकार्यको शुरुवात अझै हुन सकेको देखिदैन । सहयात्राले नेपाली समाजमा परम्परागतरुपमा सदियौकाल देखि चलिआएको जातीय बिभेदलाई समाज बिकासको मूल बाधक ठान्दछ। जातीय विभेद नेपालमात्र नभै खासगरी हिन्दु समाज भित्र भएको गलत कुसस्कारमा आस्था राख्ने सिंगो दक्षिण एसियामा बिद्यमान छ । दक्षिण एसियामा मात्र करीब २५ करोड जनसख्या यो बिभेदको शिकार छ। नेपालमा कुल जनसंख्याको १३. ६ प्रतिशत करीव ४० लाख दलित समुदायले समाजमा बिद्यमान चर्को जातीय बिभेदको कारणले सामाजिकरुपमा अपहेलित, आर्थिकरुपमा शोषित तथा राजनीतीकरुपमा बहिष्कृत जीवन जीउन बाध्य हुन परेको छ। तसर्थ सहयात्राले बिभेदरहित सभ्य समाज निर्माणको लागि सबै नागरिकहरु बीच हातेमालो र सहकार्य हुनु पर्दछ भन्ने विश्वास राख्दछ। मानव अधिकारको सम्मान गर्ने, असमानताका बिरुद्ध आवाज उठाउने तथा सामाजिक न्यायको पक्षमा वकालत गर्ने बिश्वभरीबाट आमनागरीक समुदायले सहयात्राले उठाएको जातीय विभेद बिरुद्ध सामाजिक न्यायको सवालको स्थापना लागि आफ्नो अमूल्य सहयोग तथा ऐक्यबद्धता प्रदान गरि योगदान पुरयाउन सक्नुहुनेछ । यो महान सामाजिक अभियानमा सहकार्य गरी समतामूलक समृद्ध समाज निर्माणका लागि सहयात्रा सबैमा हार्दिक अपिल गर्दछ।

## • क्यानडामा छुवाछूत, दलित भन्ने थाहा पाए पछि पण्डितले न्वारान गर्न मानेनन्

टोरन्टो,

टोरन्टोको स्कारब्रोमा एक जना पण्डितले दलित परिवारमा जन्मेको बच्चाको न्वारान गर्न अस्वीकार गरेका छन् । पहिलो सन्तानका मातापिता निज पण्डितको यस्तो व्यवहारबाट आहत बनेका छन् । अपमानित र अन्यायमा परे पनि यो कुरा सार्वजनिक गर्न उनीहरू हिचकिचाइरहेका छन् ।

घटनाका पात्रहरूको नामबारे जानकार रहे पनि पीडितको चाहनाको सम्मान गर्दै दुवै पक्षको नाम सार्वजनिक नगर्ने निर्णय नेपाल टचले लिएको छ ।

बच्चाको जन्म दुई हप्ताअघि भएको थियो । परम्परा अनुसार न्वारानको दिन नजिकिँदै गर्दा साथी मार्फत उनका पिताले दुई जना पण्डितको नाम र फोन नम्बर प्राप्त गरे । उनले पाएको नाम मध्ये पहिलो फोन नम्बरमा कल गरेर आफ्नो सन्तानको न्वारान गर्नुपर्ने कुरा सुनाए ।

लामै समय देखि कर्मकाण्ड पेसा गर्दै आएका ती पण्डितले न्वारान गर्न आउने बताउँदै त्यस कर्मका लागि चाहिने सामग्रीको सूची पठाइदिने पनि बताए ।

नाम मात्रै भनेर ती पण्डित सँग कुरा सुरु गरेका बच्चाका पितालाई पण्डितले संवादको अन्त्यतिर थर, गोत्र पनि सोधे । थर विश्वकर्मा भन्ने थाहा पाए पछि पण्डितले आफ्नो बोली फेरेको पीडितको भनाइ छ ।

'म यही समाजमा बस्नु पर्छ । तपाईंको बच्चाको न्वारान गरेँ भने मलाई अप्ठेरो पर्छ,' पीडितले पण्डितको भनाइ नेपाल टचलाई सुनाए, 'नजिकैको कुनै हिन्दु मन्दिरमा लगेर न्वारान गर्नुहोला ।'

करिब दुई वर्षअघि क्यानडा आएका उनी क्यानडामा यस्तो अवस्था भोग्नु परेपछि अचम्ममा परेका छन् । सुत्केरी पत्नी र बच्चाको स्वास्थ्य स्याहारमा केन्द्रित हुनुपर्ने समयमा नसोचेको परिस्थिति सँग जुध्नु परेको पनि पीडितको दुःखेसो छ ।

रश्मि काली थापाले फेसबुकमा यस्तै आशयको एउटा लामो स्टाटसमा लेखेकी छन्, 'मेरो एक जना दलित साथीले पहिलो बच्चा जन्माउनु भएको छ । बच्चाको न्वारान गरिदिनुपऱ्यो भनेर स्कारब्रोमा बसोबास गर्ने कोही पण्डित भनाउँदा पाखण्डीलाई भन्दा सुरुमा हुन्छ भने तर नाम, थर, गोत्र सुनाएपछि अनेक बहाना गरी भ्याउँदिनँ भने । ठीक छ, भ्याउँदिन भन्नु आफ्नो कुरो हो तर सोझै तपाईं दलित हुनुहुँदो रहेछ, म यही समाजमा बस्नुपर्छ, मलाई भोलि यो समाजले के भन्छ । म तपाईंको बच्चाको न्वारान गर्न सक्दिनँ, अरूलाई भन्नुहोस् वा कुनै इन्डियन हिन्दु मन्दिरका पण्डित बोलाएर बच्चाको न्वारान गर्नुहोस् ।'

अर्का पण्डितबाट बच्चाको न्वारान भइसकेको बताउँदै पीडितले नेपालमा दलित भएको कारण यस्तो विभेद कहिल्यै भोग्नु नपरेको उल्लेख गर्दै बालकका पिताले आफूहरू अपमानित भएको महसुस गरेको जनाए ।

'नेपालमा मेरा गैरदलित साथी थुप्रै छन् । म उनीहरूको घरमा र उनीहरू मेरो घरमा निर्धक्क आउजाउ गर्छौं,' उनले भने, 'साथीहरू र उनीहरूका परिवारले पनि मलाई कहिल्यै विभेद गरेनन् । हामी दलित माथि यस्तो व्यवहार पनि गरिँदोरहेछ भनेर क्यानडामा आएर थाहा भयो ।'

साभार नेपाल टच

## • क्यानडामा जातीय अनुभवहरूको सर्वेक्षण हुने

साउथ एसियन दलित आदिवासी नेटवर्क क्यनडाको समन्वयमा हुन गईरहेको क्यानडामा जातीय अनुभवहरू सर्वेक्षण डिजाइन, विकास र कार्यान्वयनका लागि सामुदायिक साझेदारी परियोजनाकोबारेमा साउथ एसियन दलित आदिवासी नेटवर्क क्यनडा संस्थापक तथा कार्यकारी निर्देशक बिजय पोली र ग्लष्खभचकष्तथ या त्यचयलतय मा पिएडी अध्ययनरत जेतिनले सर्वेक्षणबारे जानकारी गराउनु भएको थियो । सहयात्रा क्यानडाले आयोजना गरिएको गोष्ठिमा २५ जना सहभागीता रहेको कार्यक्रमा सर्बेक्षणको क्षेत्र तथा यसको पद्धति प्रक्रियाबारे छलफल गरिएको थियो । कार्यक्रम लाई सहजिकरण अधिकार कर्मी किशोर गोतामे आर्जु बिश्वकर्माले गर्नु भएको उक्त कार्यक्रममा सहयात्राका अध्यक्ष सन्तोष बिश्वकर्माले सर्वेक्षमा सहभागीता जानाउने सस्था तथा ब्यक्तिगत तर्फबाट सहयोग गर्ने प्रतिबद्धता गर्दै उपस्थित हुन समय निकाल्नु भएकोमा धन्यबाद सहित प्रशंसा व्यक्त गर्न भएको थियो ।

## • सहयात्रा-सामाजिक न्यायका लागि अन्तर्राष्ट्रिय सञ्जाल

### परिचय

गैरआवसीय नेपालीहरूको हकहितलाई प्रवर्द्धन गर्दै उनीहरूबीच एकता, सामाजिक सद्भाव र आपसी सम्मानलाई बलियो बनाई नेपाली समाजमा विद्यमान जातीय विभेद अन्त्यका लागि ठोस योगदान पुऱ्याउने लक्ष्यले सहयात्राको स्थापना गरिएको हो। यो सन् २०१९ देखि लुज फोरमका रूपमा काम गरी सन् २०२१ मा क्यानडामा दर्ता गरिएको एक विशुद्ध गैरनाफामुखी सामाजिक संस्था हो।

सहयात्राले पछिल्लो समयमा क्यानडामा उल्लेख्य रूपमा वृद्धि भइरहेको गैरआवासीय नेपालीको मूल प्रवाहीकरणका लागि योगदान गर्दै क्यानडाको विकासमा सघाउ पुऱ्याउने तथा क्यानडालगायत विश्वभरि छरिएर रहेका गैरआवासीय नेपालीसहित अन्य विश्व समुदायलाई पनि गोलबद्ध गरी नेपालमा रहेको जातीय विभेद उन्मूलन गर्नका लागि एक बृहत् एकीकृत सामाजिक अभियान निर्माण गर्दै छुवाछूतमुक्त विभेदरहित समाज निर्माण गर्नका लागि अन्तर्राष्ट्रियस्तरबाट निरन्तर सहयोग गर्ने बृहत् लक्ष्य राखेको छ।

### सहयात्राका मुख्य उद्देश्यहरू निम्न छन् :

१. क्यानेडियन विकास प्रक्रियामा गैरआवासीय नेपाली समुदायको मुद्दा र सवाललाई मूलधारमा ल्याउन सहयोग गर्ने।

२. क्यानडाभित्र र बाहिर नेपाली समुदायको कला, संस्कृति र सम्पदाको प्रवर्द्धन गर्ने र अन्तर्राष्ट्रिय बजारमा नेपाली कालिगड समूहहरूद्वारा निर्मित हस्तकला र गहना उत्पादनको बजारीकरण गर्ने।

३. आप्रवासी, विशेष गरी गैरआवासीय नेपाली समुदायका लागि लक्षित सरकारी नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्न क्यानडा सरकारलाई सहयोग गर्ने।

४. नेपालमा विद्यमान जातीय भेदभाव तथा छुवाछूतसँग सम्बन्धित सामाजिक न्याय र मानव अधिकारको सवालमा योगदान गर्न सामाजिक न्यायप्रेमी, मानव अधिकार समुदाय, व्यापारिक संस्था, विकास साझेदार र दातृ निकाय तथा शुभचिन्तक सहित अन्तराष्ट्रिय समुदायबाट सहयोग, समर्थन र ऐक्यबद्धता सिर्जना गर्ने।

५. नेपालमा जातीय भेदभावको उन्मूलनका लागि सञ्चालित अभियानलाई सहयोग गर्न अन्तर्राष्ट्रिय सामाजिक न्याय कोषको स्थापना गर्ने।

६. क्यानडाका विभिन्न सरकार (स्थानीय, प्रान्तीय र संघीय) लगायत अन्य सम्बन्धित सरोकारवालाह सँग नेपालमा जातीय भेदभाव तथा छुवाछूतबाट पीडित दलित समुदायको उत्थानका लागि वकालत गर्ने।

७. नेपालमा जातीय भेदभाव तथा छुवाछूतबाट पीडित दलित समुदायको पक्षमा अन्तर्राष्ट्रिय मानव अधिकार कानून र दिगो विकास लक्ष्यहरूको कार्यान्वयनका लागि मिडिया मार्फत वकालत गर्ने।

### मूल्य मान्यता

- मानव अधिकार
- समता, अविभेद र सामाजिक न्याय
- सह-अस्तित्व र आदर सम्मान
- धर्म निरपेक्षता तथा बहुलवाद
- सुशासन, पारदर्शिता र जवाफदेहिता
- परिवर्तनका लागि सँगै

## लक्षित समूह, लाभार्थी, सरोकारवाला र साझेदार


नेपालका दलित तथा पिछडिएका समुदाय सहयात्राको प्रमुख लक्षित समूह हो। त्यस्तै गैरदलित समुदाय पनि यस संस्थाका समान लाभग्राही हुन्। क्यानडा सरकारका मातहतका निकायहरू, नेपाल, संयुक्त राष्ट्रसंघ, ईयू, बहुपक्षीय, द्विपक्षीय एजेन्सीहरू जस्तैः विश्व बैंक, आईएमई, एसियाली विकास बैंक र अन्य मानव अधिकारमा आधारित संगठनलगायत सम्बन्धित देशका सरकारहरू सहयात्राका सरोकारवाला हुन्।

यसका साथै सहयात्राले विश्वभरिका पिछिडिएका उत्पीडित समुदायको विकासमा सहयोग पुऱ्याउन सामाजिक न्याय र मानव अधिकारको समान लक्ष्य भएका विभिन्न परोपकारी संस्था, विकास र कर्पोरेट साझेदारसँग काम गर्नेछ।

## सहयात्राको दृष्टिकोण

- मानव अधिकारमा आधारित अवधारणा
- सञ्जालीकरण, एलाइन्स निर्माण तथा सहकार्य
- अन्तर्राष्ट्रिय नीतिगत पैरवी
- मिडिया पैरवी
- ज्ञान निर्माण तथा क्षमता अभिवृद्धि

## संस्थागत संरचना



## मुख्य कार्यक्रम

- सहयात्रा संवाद
- अन्तर्राष्ट्रिय सामाजिक न्याय कोष
- अन्तर्राष्ट्रिय कानून तथा दिगो विकास लक्ष्यहरूको कार्यान्वयनको अवस्था अनुगमन
- जातीय भेदभाव तथा छुवाछूतविरुद्धका लेख रचना प्रकाशन तथा विचार विमर्श सञ्चालन
- दलित समुदायको सामाजिक न्यायको सवाललाई प्रवर्द्धन गर्न
- सामाजिक न्यायको सवालमा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा काम गर्न
- सवालमा आधारित बहस तथा पैरवी
- विकास तथा अन्तर्राष्ट्रिय सिकाइ आदानप्रदान कार्यक्रम
- ज्ञान, सीप हस्तान्तरण कार्यक्रम

## सम्पर्क विवरण

Address: 2 County Ct Blvd Unit # 225, Brampton, On, Canada L6W 3W8
E-mail: info@sahayatraintl.com
Website: www.sahayatraintl.com

## "Upcoming Conference - Join Us"

